# Palpa Cement Industries Ltd.

तानसेन सिमेन्ट

मिति: २०८३/०३/०२

चलानी नम्बर:

श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यू,
नेपाल स्टक एक्सचेन्ज लिमिटेड ,
सिंहदरबार प्लाजा, काठमाडौं।

विषय:- वार्षिक साधारण सभाको काम कारबाही तथा निर्णय सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस पाल्पा सिमेण्ट इण्डष्ट्रिज लिमिटेडको पाचौं वार्षिक साधारण सभा मिति २०८३/०२/१९ गते, (तदनुसार २ जुन, २०२६) मंगलबारका दिन **Hotel Mahamaya Crown**, सुनवल -४, नवलपरासी (पश्चिम) मा सम्पन्न भएको व्यहोरा जानकारीको लागि अनुरोध छ। साथै, कम्पनीको आ.व. २०८१/०८२ को वार्षिक साधारण सभाबाट पारीत भएका काम कारबाही तथा निर्णयको प्रतिलिपी यसैसाथ संलग्न राखि तहाँको जानकारीको लागि पठाइएको व्यहोरासमेत सादर अनुरोध छ।

भवदीय,

दुर्गबहादुर राई
(कम्पनी सचिव)

# पाल्पा सिमेन्ट इण्डष्ट्रिज लिमिटेड

# को

# पाचौं वार्षिक साधारण सभाको

# निर्णय माइन्युट (विवरण)

सभा मिति : २०८३/०२/१९

समय: दिउसो ०१:०० बजे

स्थान : Hotel Mahamaya Crown, सुनवल -४, नवलपरासीको सभाहल ।

PALPA CEMENT INDUSTRIES LTD.

## मिति २०८३ साल जेठ १९ गते (२ जुन, २०२६) मंगलबारका दिन नवलपरासी (पश्चिम) जिल्ला, सुनवल नगरपालिका, वडा नं. ४ स्थित Hotel Mahamaya Crown मा सम्पन्न भएको पाल्पा सिमेन्ट इण्डष्ट्रिज लिमिटेडको पाचौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

कम्पनी ऐन, २०६३ र कम्पनीको स्वीकृत नियमावली बमोजिम यस पाल्पा सिमेन्ट इण्डष्ट्रिज लिमिटेडको पाचौं वार्षिक साधारणसभा कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री राजेश कुमार अग्रवालज्यूको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा सञ्चालन गरी देहायका प्रस्तावहरुउपर छलफल गरी निर्णय गरीयो।

१. **वार्षिक साधारणसभा भएको मिति, समय र स्थान:**

मिति: २०८३/०२/१९ गते, (तदनुसार २ जुन, २०२६) मंगलबार।

समय: दिउसो १:०० वजे।

स्थान: **Hotel Mahamaya Crown**, सुनवल -४, नवलपरासी (पश्चिम)।

२. **सभाको सूचना :**

यस कम्पनीको मिति २०८३/०१/२५ मा सम्पन्न सञ्चालक समितिको ७२ औं बैठकको निर्णय अनुसार यस कम्पनीको पाचौं वार्षिक साधारण सभा सञ्चालन गर्ने सम्बन्धमा कम्पनी ऐनको दफा ६७ र कम्पनीको स्वीकृत नियमावली बमोजिम प्रथम पटक मिति २०८३/०१/२९ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा तथा दोश्रो पटक मिति २०८३/०१/३० गतेसमेत सोही राष्ट्रिय दैनिक पत्रिकामा पाचौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र सभामा छलफल गरिने प्रस्तावहरु समावेश गरी जानकारीको लागि सूचना प्रकाशित गरिएको थियो। सो सूचना कम्पनीको आधिकारिक वेभसाईट **www.tansencement.com** मा समेत **Upload** गरी शेयरधनी महानुभावहरुलाई वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र सभामा छलफल गरिने प्रस्तावहरुका बारेमा जानकारी गराइएको थियो।

३. **सभामा उपस्थिती :**

**३.१. कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम उपस्थित सञ्चालकहरु:**

| क्र.सं. | सञ्चालकको नाम, थर | पद |
|---|---|---|
| १. | श्री राजेश कुमार अग्रवाल | सञ्चालक अध्यक्ष |
| २. | श्री बिष्णु कुमार अग्रवाल | सञ्चालक |
| ३. | श्रीमती स्वीटी कुमारी अग्रवाल | सञ्चालक (अनुपस्थित) |
| ४. | श्री यश अग्रवाल | सञ्चालक |
| ५. | श्री प्रियान्शी अग्रवाल | सञ्चालक |
| ६. | श्री विनय कुमार श्रेष्ठ | स्वतन्त्र सञ्चालक |

व्यक्तिगत कारणले सञ्चालक श्रीमती स्वीटी कुमारी अग्रवाल सभामा उपस्थित हुन सक्नु भएन।

**३.२. कम्पनीको पदाधिकारीहरुको उपस्थिति:**

| क्र.सं. | पदाधिकारीको नाम, थर | पद |
|---|---|---|
| १. | श्री दुर्गबहादुर राई | कम्पनी सचिव |
| २. | श्री अतुल डालमिया | प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री बेगम के.सी. | Finance Head C.A. |
| ४. | श्री ज्ञानराज उपाध्याय | Store In charge |
| ५. | श्री सञ्जय जोशी | Accountant |

३.३. अन्य आमन्त्रित व्यक्तिहरुको उपस्थिति:

| | | |
|---|---|---|
| १. | अधिवक्ता श्री लेखनाथ अर्याल | निर्वाचन अधिकृत |
| २. | श्री ममता कायस्थ | शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडका प्रतिनिधि |
| ३. | श्री चन्द्र कुमारी मानन्धर | ऐ. ऐ. |

३.४. शेयरधनीहरुको उपस्थिति:

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | स्वयम् उपस्थित हुने संस्थापक शेयरधनीहरु | ५ जना |
| २. | स्वयम् उपस्थित हुने साधारण शेयरधनीहरु | ३० जना |
| ३. | प्रोक्सी मार्फत उपस्थित हुने शेयरधनीहरु | १०७ जना |
| जम्मा:- | | १४२ जना |

माथी उल्लेख भए अनुसारको उपस्थिति कम्पनी ऐन, २०६३ को दफा ७२(२) तथा कम्पनीको स्वीकृत नियमावलीको नियम २३(१) बमोजिम गणपुरक संख्याका लागि पर्याप्त छ।

४. साधारण सभाको गणपुरक संख्या तथा सभाको वैधानिकता:

| जम्मा शेयरधनी संख्या | उपस्थित शेयरधनी संख्या | जम्मा शेयर संख्या | उपस्थित शेयरधनीले ग्रहण गरेको शेयर संख्या | उपस्थित शेयर प्रतिशत |
|---|---|---|---|---|
| ४,१८,२३५ जना | १४२ जना | ३,७५,००,००० | २,८३,२०,००० | ७५.५२% |

५. सभाको वैधानिकता:

यस कम्पनीको आ.व. ०८१/०८२ को वार्षिक साधारण सभाको सम्बन्धमा यस कम्पनीको मिति २०८३/०१/२५ गते सम्पन्न सञ्चालक समितिको ७२ औं वैठकको निर्णय अनुसार वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफलका विषयहरुसमेत उल्लेख गरी बोलाइएको साधारण सभामा यस कम्पनीको स्वीकृत नियमावलीको नियम २३(१) बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्ये कम्तीमा ३ (तीन) जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित हुनु पर्ने प्रावधान रहेकोमा सभामा राखिएको हाजिरी पुस्तिकामा उपस्थित भई हाजिर जनाउने शेयरधनीको संख्या ३५ जना, प्रोक्सीमार्फत १०७ जना गरी जम्मा १४२ जना शेयरधनी र जम्मा शेयर संख्या ३,७५,००,००० कित्ता शेयरमध्ये २,८३,२०,००० कित्ता ७५.५२ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा वार्षिक साधारण सभाको गणपुरक संख्या पुगेकोले कम्पनीको सञ्चालक समितिको अध्यक्ष श्री राजेश कुमार अग्रवालज्यूको अध्यक्षतामा कम्पनी सचिव श्री दुर्गबहादुर राईले कम्पनी ऐन, २०६३ तथा कम्पनीको स्वीकृत नियमावलीको प्रावधान बमोजिम सञ्चालन भएको सभा वैधानिक भएको जानकारी गराउनु भयो।

५.१. सभालाई स्वागत, सभाको अध्यक्षता तथा आसन ग्रहण:

कम्पनी सचिवले यस कम्पनीको वार्षिक साधारण सभामा उपस्थित हुनु भएका शेयरधनी तथा सभामा उपस्थित महानुभावहरुलाई स्वागत गर्नु भयो। यस कम्पनीको स्वीकृत नियमावलीको नियम १९ मा कम्पनीको सञ्चालक समितिको अध्यक्ष नै साधारण सभाको अध्यक्ष हुने प्रावधान रहेको हुँदा यस कम्पनीको पाचौं बार्षिक साधारण सभाको अध्यक्षता ग्रहण गरी दिनुहुनको लागि कम्पनीका सञ्चालक समितिको अध्यक्ष श्री राजेश कुमार अग्रवालज्युलाई अनुरोध गर्नु भयो र कम्पनीका सञ्चालकज्यूहरु, विभागीय प्रमुखज्यूहरु तथा आमन्त्रित अतिथीज्यूहरुलाई आसन ग्रहण गराउनु भयो।

PALPA CEMENT INDUSTRIES LTD.

५.२. सभा प्रारम्भ तथा सञ्चालक समितिको प्रतिवेदन :

राष्ट्रिय गानको सम्मान गरी सभाको प्रारम्भ गर्दै सभाअध्यक्षज्यूले दीप प्रज्वलन गरी औपचारिक रुपमा सभा शुरु भएको घोषणा गर्नु भयो। र सभाअध्यक्षज्यूले सभासमक्ष कम्पनीको तर्फबाट मन्तब्य सहित आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो।

६. सभामा छलफल तथा निर्णयका लागि निर्धारित प्रस्तावहरु:

कम्पनी सचिवले सभाका सभाध्यक्षज्यूको अनुमति लिई सभासमक्ष छलफलका हुने निम्न प्रस्तावहरु प्रस्तुत गर्नु भयो।

(क) साधारण प्रस्तावहरु:

(१) सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा।

(२) आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा।

(३) कम्पनीको आ.व. २०८२/०८३ को लेखापरीक्षकको नियूक्ति गर्ने निजको पारिश्रमिक निर्धारण सम्बन्धमा।

(४) कम्पनीको सञ्चालक समितिबाट आ.व. २०८१/०८२ मा गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।

(५) कम्पनीको स्वीकृत नियमावलीको नियम ४७ मा भएको "कम्पनी गाभिने कुरा" सम्बन्धी व्यवस्थाको अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा।

(६) कम्पनीको सञ्चालक समिति तथा सञ्चालक स्तरीय विभिन्न समितिहरुको पारिश्रमिक, भत्ता र सुविधा निर्धारण गरी स्वीकृत गर्ने सम्बन्धमा।

(७) सर्व साधरण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सहित जम्मा ४ जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा।

(८) स्वतन्त्र सञ्चालकको नियूक्तिलाई अनुमोदन गरी पारीत गर्ने सम्बन्धमा।

(ख) विशेष प्रस्तावहरु:

(१) कम्पनी ऐन, २०६३ को दफा १०५(१) को खण्ड (ख) बमोजिम कम्पनीको आ.व. २०८१/०८२ को चूक्ता पुँजी तथा सञ्चित मुनाफाको कुल रकम भन्दा बढी ऋण लिने सम्बन्धमा।

(२) कम्पनी ऐन, २०६३ को दफा १०५(१) को खण्ड (ग) बमोजिम कम्पनीले आ.व. २०८१/०८२ को सीमाभन्दा बढीको चन्दा अनुमोदन गर्ने सम्बन्धमा।

(३) कम्पनीको स्वीकृत प्रवन्धपत्रको दफा २ तथा स्वीकृत नियमावलीको नियम २ संशोधन गर्ने सम्बन्धमा।

(४) कम्पनीको स्वीकृत प्रबन्धपत्रको दफा ४(१) को खण्ड (ण) पछि खण्ड (त) थप गर्ने सम्बन्धमा।

(५) कम्पनीको स्वीकृत प्रबन्धपत्रको दफा ६ (घ) संशोधन गर्ने सम्बन्धमा।

(६) कम्पनीको स्वीकृत नियमावलीको नियम २३(१) संशोधन गर्ने सम्बन्धमा।

(७) कम्पनीको स्वीकृत नियमावलीको नियम २७(२) संशोधन गर्ने सम्बन्धमा।

(ग) विविध प्रस्तावहरु:

७. कम्पनीको पाचौं वार्षिक सभामा छलफलमा सहभागी हुनु भएका शेयरधनी र निजलेले व्यक्त गर्नु भएका राय, सुझाव, शुभकामना र टिप्पणीहरु:

PALPA CEMENT INDUSTRIES LTD.

**शेयरधनी श्री मुक्ती बस्यालले** कम्पनीले सर्वसाधरणलाई प्रतिशेयर रु. १००/- का दरले IPO शेयर दिएकोमा धन्यवाद व्यक्त गर्दै भारतमा सिमेन्ट निर्यात गर्ने पहिलो कम्पनीको ख्यातीसमेत प्राप्त गरेको हुँदा कम्पनीले प्राप्त गरेको ख्यातीलाई कायम राख्न शुभकामना व्यक्त गर्नु भयो।

८. **सभाबाट पारीत भएका साधारण प्रस्तावका निर्णयहरु:**

निर्णय नं. १: प्रस्ताव नं. १ उपर छलफल चलाई निर्णय हुँदा यस कम्पनीको सञ्चालक समितिको तर्फबाट कम्पनी सञ्चालक समितिको अध्यक्षज्यूले पेश गर्नु भएको कम्पनीको वार्षिक प्रतिवेदन सम्बन्धमा सभामा छलफल भई उक्त प्रतिवेदन सभाबाट पारीत गर्ने निर्णय गरीयो।

निर्णय नं. २: प्रस्ताव नं. २ उपर छलफल चलाई निर्णय हुँदा यस कम्पनीको अर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन तयार गर्न कम्पनीबाट नियूक्त हुनु भएका लेखापरीक्षक श्री नेहा एण्ड एशोसिएट्स (चार्टर्ड एकाउण्टेण्ट्स) काठमाडौंद्वारा तयार पारिएको आ.व. २०८१/०८२ को कम्पनीको लेखा परीक्षण प्रतिवेदन सभामा छलफल हुँदा उक्त प्रतिवेदन सभाबाट सर्वसम्मत पारीत गर्ने निर्णय गरीयो।

निर्णय नं. ३: प्रस्ताव नं. ३ उपर छलफल चलाई निर्णय हुँदा यस कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को लागि कम्पनीको हिसाब किताबको लेखापरीक्षण प्रतिवेदन तयार गर्नका लागि लेखापरीक्षक श्री नेहा एण्ड एशोसियट्स (चार्टर्ड एकाउण्टेण्ट्स) काठमाडौंलाई नियूक्त गर्ने र कम्पनीको लेखापरीक्षण प्रतिवेदन तयार गरेवापतको पारिश्रमिक आपसी सहमतिबाट निर्धारण गरिने निर्णय पारीत गरीयो।

निर्णय नं. ४: प्रस्ताव नं. ४ उपर छलफल चलाई निर्णय हुँदा यस कम्पनीको सञ्चालक समितिबाट आ.व. २०८१/०८२ मा भए गरेका काम कारबाही तथा निर्णयहरु अनुमोदन गर्ने सम्बन्धी प्रस्तावलाई यस साधारणसभाबाट सर्वसम्मत पारीत गर्ने निर्णय गरीयो।

निर्णय नं. ५: प्रस्ताव नं. ५ उपर छलफल चलाई निर्णय हुँदा यस कम्पनीको स्वीकृत नियमावलीको नियम ४७ को व्यवस्था बमोजिम कम्पनीको उद्देश्य मिल्ने कम्पनीसंग गाभिने वा अर्को कुनै कम्पनी यस कम्पनीमा गाभ्न उचित देखिएमा सो सम्बन्धमा आवश्यक सम्पूर्ण काम कारबाही गर्नका लागि कम्पनीको तर्फबाट कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय पारीत गरीयो।

निर्णय नं. ६: प्रस्ताव नं. ६ उपर छलफल चलाई निर्णय हुँदा यस कम्पनीको सञ्चालक समिति तथा सञ्चालक स्तरीय विभिन्न समितिहरुको बैठक सञ्चालन हुँदा सञ्चालक समितिको अध्यक्ष र सञ्चालक स्तरीय समितिको संयोजकलाई प्रतिवैठक रु. १५,०००/- (पन्ध्रहजार रुपैयाँ) तथा सञ्चालक समितिको सदस्य र सञ्चालक स्तरीय समितिको सदस्यलाई प्रतिवैठक रु. १३,०००/- (तेह्रहजार रुपैयाँ) रकम पारिश्रमिक, भत्ता तथा सुविधा वापत प्रदान गर्ने निर्णय गरीयो।

निर्णय नं. ७: विविध प्रस्ताव अन्तर्गत प्रस्ताव नं. ७ को सम्बन्धमा यस कम्पनीको सर्व साधरण शेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सहित जम्मा ४ (चार) जना सञ्चालकको पदमा कम्पनीको सञ्चालक निर्वाचन निर्देशिका, २०८३ को प्रक्रिया बमोजिम सर्वसाधारण शेयरधनीहरुको तर्फबाट श्री कृष्ण प्रसाद न्यौपानेज्यू र संस्थापक शेयरधनीहरुको तर्फबाट श्री राजेश कुमार अग्रवालज्यू, श्री शेखर कुमार अग्रवालज्यू र श्री प्रियान्शी अग्रवालज्यू *(प्रतिनिधि: आर.एम.सी. कन्स्ट्रक्सन एण्ड इन्भेष्टमेन्ट प्रा.लि.)* निर्वाचित हुनु भएको व्यहोरा निर्वाचन अधिकृतज्यूले जानकारी गराउनु भएको हुँदा कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम ४ वर्ष अवधिको लागि श्री कृष्ण प्रसाद न्यौपानेज्यू, श्री राजेश कुमार अग्रवालज्यू, श्री शेखर कुमार अग्रवालज्यू र श्री प्रियान्शी अग्रवालज्यू कम्पनीको सञ्चालक पदमा निर्वाचित हुनु भएको निर्णय पारीत गरीयो।

PALPA CEMENT INDUSTRIES LTD.

निर्णय नं. ८: विविध प्रस्ताव अन्तर्गत प्रस्ताव नं. ८ को सम्बन्धमा यस कम्पनीको मिति २०८२/०१/०३ गते सम्पन्न कम्पनीको ७१ औं सञ्चालक समिति बैठकको निर्णयले कम्पनीको नियमावलीको नियम २७(२) तथा कम्पनी ऐन, २०६३ को दफा ८६(३) ले व्यवस्था गरे बमोजिम यस कम्पनीको स्वतन्त्र सञ्चालकमा संलग्न व्यक्तिगत विवरण भएका काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल नगरपालिका, वडा नं. ७ बस्ने श्री विनय प्रकाश श्रेष्ठज्यूलाई नियुक्त गरेको हुँदा कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम ४ वर्ष अवधिको लागि श्री विनय प्रकाश श्रेष्ठज्यू कम्पनीको स्वतन्त्र सञ्चालक पदमा नियुक्त गरिएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरीयो।

९. **सभाबाट पारीत भएका विशेष प्रस्तावका निर्णयहरु:**

निर्णय नं. १: प्रस्ताव नं. १ उपर छलफल चलाई निर्णय हुँदा यस कम्पनीले आर्थिक वर्ष २०८१/०८२ मा बैङ्क वा वित्तीय संस्थाहरुबाट कम्पनीले लिएको ऋण सुविधा कम्पनीको चुक्ता पुँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकम भन्दा बढी भएकोले सो ऋण लिएको सम्बन्धमा कम्पनीको सञ्चालक समितिले साधारण सभाबाट अनुमोदनका लागि सभासमक्ष पेश गर्नु भएको विशेष प्रस्तावलाई कम्पनी ऐन, २०६३ को दफा १०५(ख) बमोजिम यस साधारणसभाबाट अनुमोदन गर्ने निर्णय गरीयो। साथै आगामी दिनहरुमासमेत कम्पनीको आवश्यकता अनुसार चुक्ता पुँजी भन्दा बढी रकम ऋण (कर्जा) सुविधा लिने विषयमा कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय पारीत गरीयो।

निर्णय नं. २: प्रस्ताव नं. २ उपर छलफल चलाई निर्णय हुँदा यस कम्पनीले आर्थिक वर्ष २०८१/०८२ मा विभिन्न व्यक्ति, फर्म तथा संघ-संस्थालगायतलाई प्रदान गरेको चन्दा रकमका सम्बन्धमा अनुमोदनका लागि सञ्चालक समितिबाट विशेष प्रस्तावका रुपमा यस सभासमक्ष पेश हुन आएकोमा चन्दा रकम अनुमोदनका लागि पेश हुन आएको विशेष प्रस्तावलाई कम्पनी ऐन, २०६३ को दफा १०५(ग) बमोजिम साधारणसभाबाट अनुमोदन गर्ने निर्णय पारीत गरीयो।

निर्णय नं. ३: प्रस्ताव नं. ३ उपर छलफल चलाई निर्णय हुँदा यस कम्पनीको स्वीकृत प्रबन्ध पत्रको दफा २ तथा स्वीकृत नियमावलीको नियम २ मा हाल कायम रहेको कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना थापाथली, वडा नं. ११ सेन्ट्रल बिजनेस पार्क, काठमाडौं जिल्लालाई संशोधन गरी सिशहानी -७, सुनवल नगरपालिका, नवलपरासी जिल्ला कायम गर्ने र कम्पनीको सम्पर्क कार्यालय रहने ठेगाना थापाथली, वडा नं. ११ सेन्ट्रल बिजनेस पार्क, काठमाडौं जिल्ला थप हुनेगरी प्रबन्धपत्रको दफा २ तथा नियमावलीको नियम २ संशोधन गर्नु पर्ने भएको हुँदा कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको उक्त व्यवस्था संशोधन गरी कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना सिशहानी -७, सुनवल नगरपालिका, नवलपरासी जिल्ला र कम्पनीको सम्पर्क कार्यालय रहने ठेगाना थापाथली, वडा नं. ११ सेन्ट्रल बिजनेस पार्क, काठमाडौं कायम गर्दा स्वीकृत प्रवन्धपत्रको दफा २ तथा स्वीकृत नियमावलीको नियम २ मा प्रभाव पर्न जाने भएकोले तपसिल वमोजिमको तीन महले विवरण बमोजिम हुने गरी प्रवन्धपत्रको दफा २ र नियमावलीको नियम २ संशोधन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| साविकको व्यवस्था | संशोधन भई कायम हुने व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| <u>प्रबन्धपत्र तर्फको ब्यबस्था:</u><br>दफा (२) कम्पनीको रजिष्टर्ड कार्यालय:<br>यस कम्पनीको रजिष्टर्ड कार्यालय थापाथली, वडा नं. ११, सेन्ट्रल बिजनेस पार्क, काठमाडौं जिल्लामा रहनेछ। | <u>प्रबन्धपत्र तर्फको ब्यबस्था:</u><br>दफा (२) कम्पनीको रजिष्टर्ड कार्यालय:<br>यस कम्पनीको रजिष्टर्ड कार्यालय सिशहानी-७, सुनवल नगरपालिका, नवलपरासी जिल्ला र कम्पनीको सम्पर्क कार्यालय थापाथली, वडा नं. | कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना परिवर्तन गरी कम्पनीको सम्पर्क कार्यालय रहने ठेगाना थप गर्नु पर्ने |

| | | |
|---|---|---|
| उद्योग रहने स्थान सुनवल आदर्श गा.वि.स. वडा नं. ७ नवलपरासी हुनेछ। कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय तथा उद्योग रहने स्थान स्थानान्तरण गर्न तथा विभिन्न स्थानहरुमा शाखा कार्यालयहरु, शाखा उद्योगहरु खोल्न, सार्न वा बन्द गर्न सक्नेछ।<br><u>नियमावली तर्फको ब्यबस्था:</u><br>**नियम (२) कम्पनीको रजिष्टर्ड कार्यालय:** यस कम्पनीको रजिष्टर्ड कार्यालय थापाथली, वडा नं. ११, सेन्ट्रल बिजनेस पार्क, काठमाडौं जिल्लामा रहनेछ। उद्योग रहने स्थान सुनवल आदर्श गा.वि.स. वडा नं. ७ नवलपरासी हुनेछ। कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय तथा उद्योग रहने स्थान स्थानान्तरण गर्न तथा विभिन्न स्थानहरुमा शाखा कार्यालयहरु, शाखा उद्योगहरु खोल्न, सार्न वा बन्द गर्न सक्नेछ। | ११, सेन्ट्रल बिजनेस पार्क, काठमाडौं जिल्लामा रहनेछ। उद्योग रहने स्थान सुनवल आदर्श गा.वि.स. वडा नं. ७ नवलपरासी हुनेछ। कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय तथा उद्योग रहने स्थान स्थानान्तरण गर्न तथा विभिन्न स्थानहरुमा शाखा कार्यालयहरु, शाखा उद्योगहरु खोल्न, सार्न वा बन्द गर्न सक्नेछ।<br><u>नियमावली तर्फको ब्यबस्था:</u><br>**नियम (२) कम्पनीको रजिष्टर्ड कार्यालय:** यस कम्पनीको रजिष्टर्ड कार्यालय सिशहानी-७, सुनवल नगरपालिका, नवलपरासी जिल्ला र कम्पनीको सम्पर्क कार्यालय थापाथली, वडा नं. ११, सेन्ट्रल बिजनेस पार्क, काठमाडौं जिल्लामा रहनेछ। उद्योग रहने स्थान सुनवल आदर्श गा.वि.स. वडा नं. ७ नवलपरासी हुनेछ। कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय तथा उद्योग रहने स्थान स्थानान्तरण गर्न तथा विभिन्न स्थानहरुमा शाखा कार्यालयहरु, शाखा उद्योगहरु खोल्न, सार्न वा बन्द गर्न सक्नेछ। | भएकोले। |

निर्णय नं. ४: प्रस्ताव नं. ४ उपर छलफल चलाई निर्णय हुँदा यस कम्पनीको स्वीकृत प्रबन्धपत्रको दफा ४(१) मा "यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ" व्यवस्था रही खण्ड (क) देखि खण्ड (ण) सम्म कम्पनीको उद्देश्य रहेकोमा खण्ड (ण) पछि खण्ड (त) थप गरी "प्रचलित कानूनको अधिनमा रही अन्य कम्पनीहरुसंग एकआपसमा गाभ्ने गाभिने **(Merger)** तथा प्राप्ती **(Acquisition)** गर्ने" व्यवस्था थप गर्दा स्वीकृत प्रबन्धपत्रको दफा ४(१) मा प्रभाव पर्न जाने भएकोले तपसिल बमोजिमको तीन महले विवरण बमोजिम हुने गरी स्वीकृत प्रबन्धपत्रको दफा ४(१) संशोधन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| **साविकको व्यवस्था** | **संशोधन भई कायम हुने व्यवस्था** | **संशोधन गर्नुपर्ने कारण** |
|---|---|---|
| <u>प्रबन्धपत्र तर्फको ब्यबस्था:</u><br>**दफा ४ कम्पनीको उद्देश्य:** (१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ: खण्ड (क) देखि खण्ड (ण) सम्म रहेको | <u>प्रबन्धपत्र तर्फको ब्यबस्था:</u><br>**दफा ४ कम्पनीको उद्देश्य:** (१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ:<br>खण्ड (ण) पछि खण्ड (त) थप गरिएको।<br>खण्ड (त) "प्रचलित कानूनको अधिनमा रही अन्य कम्पनीहरुसंग एकआपसमा गाभ्ने गाभिने **(Merger)** तथा प्राप्ती**(Acquisition)** गर्ने"। | कम्पनीको स्वीकृत प्रबन्धपत्रको दफा ४ (१) को खण्ड (ण) पछि खण्ड (त) थप गरी उद्देश्य थप गर्नु पर्ने भएकोले। |

PALPA CEMENT INDUSTRIES LTD.

निर्णय नं. ५: प्रस्ताव नं. ५ उपर छलफल चलाई निर्णय हुँदा यस कम्पनीको स्वीकृत प्रबन्धपत्रको दफा ६(घ) मा "कम्पनीले जारी पुंजी मध्येको ८०% शेयर (३०,०००,००० थान) संस्थापक समूहमा र २०% शेयर (७,५००,००० थान) शेयर सर्वसाधारणको लागी छुट्याईएको छ" भन्ने व्यवस्था रहेकोमा सो वाक्यांश पछाडी "तर नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सूचिकृत भएको **Lock-in period** (३ वर्ष) को अवधि पूरा भएपछि संस्थापक र सर्वसाधारण दुवै समूहको शेयरहरु एउटै समूहमा कायम हुनेछ।" व्यवस्था थप गर्दा स्वीकृत प्रबन्धपत्रको दफा ६(घ) मा प्रभाव पर्न जाने भएकोले तपसिल बमोजिमको तीन महले विवरण बमोजिम हुने गरी स्वीकृत प्रबन्धपत्रको दफा ६(घ) संशोधन गर्ने निर्णय गरियो।

तपसिल

| साविकको व्यवस्था | संशोधन भई कायम हुने व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **प्रबन्धपत्र तर्फको ब्यबस्था:**<br>दफा ६ कम्पनीको पुंजी सरंचना: कम्पनीको पुंजी संरचना देहाय बमोजिम हुनेछ:<br>६(घ) "कम्पनीले जारी पुंजी मध्येको ८०% शेयर (३०,०००,००० थान) संस्थापक समूहमा र २०% शेयर (७,५००,००० थान) शेयर सर्वसाधारणको लागी छुट्याईएको छ"। | **प्रबन्धपत्र तर्फको ब्यबस्था:**<br>दफा ६ कम्पनीको पुंजी सरंचना: कम्पनीको पुंजी संरचना देहाय बमोजिम हुनेछ:<br>६(घ) "कम्पनीले जारी पुंजी मध्येको ८०% शेयर (३०,०००,००० थान) संस्थापक समूहमा र २०% शेयर (७,५००,००० थान) शेयर सर्वसाधारणको लागी छुट्याईएको छ"।"तर, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सूचिकृत भएको **Lock-in period** (३ वर्ष) को अवधि पूरा भएपछि संस्थापक र सर्वसाधारण दुवै समूहको शेयरहरु एउटै समूहमा कायम हुनेछ।" | कम्पनीको स्वीकृत प्रबन्धपत्रको दफा ६ (घ) मा थप व्यवस्था समावेश गर्नु पर्ने भएकोले। |

निर्णय नं. ६: प्रस्ताव नं. ६ उपर छलफल चलाई निर्णय हुँदा यस कम्पनीको स्वीकृत नियमावलीको नियम २३(१) मा रहेको "बाँडफाँड भएको कुल शेयर संख्याको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्ये कम्तीमा ३ (तीन) जना शेयरधनीहरु स्वयम वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारबाही प्रारम्भ हुनेछैन"। भन्ने व्यवस्था रहेकोमा कम्पनी ऐन, २०६३ को दफा ७३ संग मिलान हुने गरी सो व्यवस्थालाई संशोधन गरी "बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्येको कम्तीमा ३(तीन) जना शेयरधनीहरु स्वयम वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारबाही प्रारम्भ हुनेछैन"। व्यवस्था कायम गर्दा स्वीकृत नियमावलीको नियम २३(१) मा प्रभाव पर्न जाने भएकोले तपसिल बमोजिमको तीन महले विवरण बमोजिम हुने गरी स्वीकृत नियमावलीको नियम २३(१) संशोधन गर्ने निर्णय गरियो।

तपसिल

| साविकको व्यवस्था | संशोधन भई कायम हुने व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **नियमावली तर्फको ब्यबस्था:**<br>**नियम २३ गणपुरक संख्या**<br>(१)बाँडफाँड भएको कुल शेयर संख्याको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्ये कम्तीमा ३ (तीन) | **नियमावली तर्फको ब्यबस्था:**<br>**नियम २३ गणपुरक संख्या**<br>(१) "बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु | कम्पनी ऐन, २०६३ को दफा ७३(२) को व्यवस्थासंग गणपुरक संख्या मिलान गर्न उपयूक्त हुने |

| | | |
|---|---|---|
| जना शेयरधनीहरु स्वयम वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही प्रारम्भ हुनेछैन"। | मध्येको कम्तीमा ३(तीन) जना शेयरधनीहरु स्वयम वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारबाही प्रारम्भ हुनेछैन"। | भएकोले। |

निर्णय नं. ७: प्रस्ताव नं. ७ उपर छलफल चलाई निर्णय हुँदा यस कम्पनीको स्वीकृत नियमावलीको नियम २७(२) मा कायम रहेको ७ जनाको सञ्चालक समितिको संख्या घटाई ५ जनाको सञ्चालक समिति कायम गर्दा स्वीकृत नियमावलीको नियम २७(२) मा प्रभाव पर्न जाने भएको हुँदा तपसिल बमोजिमको तीन महले विवरण बमोजिम हुने गरी नियमावलीको नियम २७(२) संशोधन गर्ने निर्णय गरियो।

तपसिल

| साविकको व्यवस्था | संशोधन भई कायम हुने व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **नियमावली तर्फको ब्यबस्था:**<br>**नियम २७: सञ्चालक समितिको गठन, संख्या र कार्यकाल:**<br>२७(२) यस कम्पनीमा ७ जनाको सञ्चालक समिति हुनेछ जसमा संस्थापक समूहबाट ५, सर्वसाधारण समूहबाट १ जना र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक रहनेछन्। | **नियमावली तर्फको ब्यबस्था:**<br>**नियम २७: सञ्चालक समितिको गठन, संख्या र कार्यकाल:**<br>२७(२) यस कम्पनीमा संस्थापक समूहबाट मनोनित वा निर्वाचित ३ जना, सर्वसाधारण समूहबाट निर्वाचित १ जना र व्यवसायिक विशेषज्ञता हासिल गरेका मनोनित १ जना स्वतन्त्र सञ्चालक गरी जम्मा ५ जनाको सञ्चालक समिति रहनेछ। | कम्पनीको सञ्चालक समितिमा सञ्चालकको संख्या ५ जना कायम गर्न उपयूक्त हुने भएकोले। |

**विविध प्रस्तावका निर्णयहरु:**

**विविध प्रस्ताव अन्तर्गतको सम्बन्धमा:**

(क) कम्पनीको साधारण सभाबाट पारीत भएको निर्णय उतार गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालय लगायत अन्य सम्वन्धित निकायलाई जानकारी दिने।

(ख) सभामा छलफलका अन्य विषय बाँकी नभएकोले सभाअध्यक्षज्यूले बैठक समापन भएको घोषणा गर्नु हुँदा सभा सम्पन्न गरीयो।

**१०. धन्यवाद ज्ञापन तथा सभा समापन:**

सभासमक्ष छलफलका लागि पेश गरिएका प्रस्तावहरु सभामा उपस्थित शेयरधनीज्यूहरुले पारीत गरी दिनु भएको हुँदा सभाध्यक्षज्यूले सभामा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्नुहुँदै कम्पनीको पाचौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो।

**श्री राजेश कुमार अग्रवाल**
**(सञ्चालक अध्यक्ष)**

**श्री दुर्गबहादुर राई**
**(कम्पनी सचिव)**